# सम्मरीमाई गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७६

प्रमाणीकरण मिति

२०७६।०४।१०

सम्वत् २०७६ सालको कार्यविधि नं. १८

**प्रस्तावना :** नेपालको संविधान, २०७२ को अनुसूची-८ बमोजिम उपभोक्ता हित संरक्षणार्थ बजार अनुगमनको जिम्मेवारी स्थानीय तहलाई तोकिएको हुँदा यो संवैधानिक दायित्व कार्यान्वयनको लागि नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७३ १० १८ मा स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदनको अधिनमा रही सम्मरीमाई गाउँपालिकाले यो निर्देशिका तयार गरेको छ ।

उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न, उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवम् मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण प्रदान गर्न, वस्तु वा सेवाको उत्पादन स्थल, ढुवानी मार्ग, भण्डारण तथा सञ्चय स्थल, थोक तथा खुद्रा विक्रीस्थल र उपभोग स्थल लगायतका ठाँउहरुमा वस्तु वा सेवा प्रदायक वा बिक्रेताको व्यवसायिक कारोबारको दर्ता, नवीकरण, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन, लगायतका व्यापारिक क्रियाकलापको नियमन गर्न तथा प्रभावकारी बजार अनुगमन गर्न आवश्यक भएकोले, सम्मरीमाई गाउँ कार्यपालिकाले यो निर्देशिका लागू गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस निर्देशिकाको नाम "सम्मरीमाई गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७८" रहेको छ ।

(२) यो निर्देशिका सम्मरीमाई गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखी लागू हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "अनुगमन टोली" भन्नाले कार्यालयले विशेषज्ञ सहित गठन गरेको बजार अनुगमन टोली सम्झनु पर्दछ ।

(ख) "उपभोक्ता हित संरक्षण समिति" भन्नाले सम्मरीमाई गाउँपालिकाका उपाध्यक्षको संयोजकत्वमा गठित समिति सम्झनु पर्दछ ।

(ग) "कार्यालय" भन्नाले सम्मरीमाई गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(घ) "प्रदायक" भन्नाले वस्तु वा सेवाको उत्पादक, आयातकर्ता, भण्डारण वा बिक्री वितरण गर्ने व्यक्ति वा संस्था सम्झनु पर्दछ ।

(ङ) "वस्तु" भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तुको समिश्रणबाट बनेको पदार्थ सम्झनु पर्दछ र सो शब्दले उपभोग्य वस्तुको निर्माणमा प्रयोग हुने कच्चापदार्थ, रङ्ग, सुगन्ध वा रसायनलाई समेत जनाउछ ।

(च) "बिक्रेता" भन्नाले वस्तु वा सेवाको उत्पादक, पैठारीकर्ता, थोक वा खुद्रा बिक्रेता, सेवा प्रदायक सम्झनु पर्दछ । सो शब्दले होटेल, लज, होस्टेल, खाजाघर सञ्चालक आदिलाई समेत जनाउदछ ।

(छ) "स्थानीय सरकार" भन्नाले सम्मरीमाई गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ज) "सेवा" भन्नाले व्यवसायिक सेवा, सञ्चार सेवा, निर्माण तथा इन्जिनियरिङ्ग सेवा, वितरण सेवा, शिक्षा सेवा, बातावरणीय सेवा, वित्तिय सेवा, स्वास्थ्य र सामाजिक सेवा, पर्यटन सेवा, मनोरञ्जन तथा खेलकुद सेवा, यातायात सेवा लगायतका दस्तुर/पारिश्रमिक लिई वा नलिई प्रदान गरिने सम्पूर्ण सेवाहरु सम्झनु पर्दछ ।

(झ) "समिति" भन्नाले उपभोक्ता हित संरक्षण समिति भन्ने सम्झनु पर्दछ ।

## परिच्छेद-२
## उपभोक्ता हित संरक्षण समिति

**३. उपभोक्ता हित संरक्षण समिति :**
उपभोक्ताको हित संरक्षण सम्बन्धी विषयमा आवश्यक नीतिगत व्यवस्था गर्न तथा बजार अनुगमन कार्यलाई मार्ग दर्शन एवम् समन्वयको लागि सम्मरीमाई गाउँपलिकाले उपभोक्ता हित संरक्षण समितिको गठन गर्नेछ।

**४.उपभोक्ता हित संरक्षण समितिको गठन देहाय अनुसार हुनेछ :**
(क) सम्मरीमाई गाउँपालिकाको उपाध्यक्ष - संयोजक
(ख) सम्मरीमाई गाउँपालिकाको आर्थिक समितिको संयोजक - सदस्य
(ग) जिल्ला प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि - सदस्य
(घ) इलाका प्रहरी कार्यालयका अधिकृत प्रतिनिधि - सदस्य
(ङ) स्वास्थ्य कार्यालयका अधिकृत/तोकिएको प्रतिनिधि - सदस्य
(च) घरेलु शाखा प्रमुख/तोकिएको प्रतिनिधि - सदस्य
(छ) उद्योग वाणिज्य संघको प्रमुख/प्रतिनिधि - सदस्य
(ज) उद्योग/वाणिज्य/व्यापार संघको प्रमुख/प्रतिनिधि - सदस्य
(झ) पत्रकार महासंघका अध्यक्ष वा प्रतिनिधि - सदस्य
(ञ) उपभोक्ता हित संरक्षणमा क्रियाशिल संस्था वा नागरिक समाजका व्यक्तिहरु मध्येबाट एक जना - सदस्य
(ट) कार्यालयको उपभोक्ता हित संरक्षण हेर्ने शाखा प्रमुख - सदस्य सचिव

**५.उपभोक्ता हित संरक्षण समितिको काम कर्तव्य र अधिकार :**
(क) उपभोक्ता हित संरक्षणको लागि आवश्यक नीतिगत व्यवस्था गर्ने।
(ख) अत्यावश्यक वस्तुहरुको माग र आपूर्तिको अवस्था सम्बन्धी तथ्याङ्क संकलन र मागको प्रक्षेपण गर्ने।
(ग) समितिले यस निर्देशिकाको नियम ८ (२) अनुसार गठित अनुगमन टोलीद्वारा अनुसूची-१ को फारममा उल्लेख भए अनुसार प्रस्तुत गरेको बजार अनुगमन सम्बन्धी प्रतिवेदन माथी बिश्लेषण गरी आवश्यक निर्देशन दिने।
(घ) उपभोक्ताको हित संरक्षण गर्न आपूर्ति व्यवस्था र उपभोग्य वस्तु वा सेवाको छड्के अनुगमन गर्ने।
(ङ) बजार अनुगमन सम्वन्धी कामको मूल्याङ्कन गर्ने र टोलीलाई आवश्यकता अनुसार मार्गदर्शन गर्ने।
(च) सम्मरीमाई गाउँपालिकाले दिएको अन्य निर्देशन र आदेशको कार्यान्वयन गर्ने/गराउने।
(छ) उपभोक्ता हित विपरित कार्यमा आवश्यक कानूनी कारवाहीका लागि निरीक्षण वा अनुसान्धान अधिकृत तोक्ने।

**६.उपभोक्ता हित संरक्षण समितिको बैठक सम्बन्धी कार्यविधि :**
उपभोक्ता हित संरक्षण समितिको बैठक महिनामा एक पटक अनिवार्य रुपमा बस्नु पर्नेछ । समितिको बैठकले आफ्नो कार्यविधि आफै तयार गर्नेछ । यसरी बैठक बस्दा कम्तिमा तीन दिन अगाडी बैठकको विषय सहितको सूचना सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद-३
## बजार अनुगमन सम्बन्धी व्यवस्था

**७. बजार अनुगमन :**
वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल लगायतका व्यापारिक क्रियाकलापलाई उपभोक्ता मैत्री बनाउन सम्मरीमाई गाउँपालिकाले निम्न व्यवस्था गर्नु पर्नेछ :-

(क) गुणस्तरीय उपभोग्य वस्तु तथा सेवाको सहज र सर्वसुलभ आपूर्ति हुने वातावरणको सुनिश्चितता सहित उपभोक्ताको हक र हितको संरक्षण गर्न कार्यालयमा उपभोक्ता हित संरक्षण शाखा/इकाइ/डेक्सको व्यवस्था गरी नियमित र प्रभावकारी बजार अनुगमनको व्यवस्था गर्ने ।

(ख) बजार प्रणालीलाई प्रतिस्पर्धी र उपभोक्ता प्रति जिम्मेवार तुल्याउन प्रचलित कानूनको कार्यान्वयनमा जोड दिने ।

(ग) उपभोक्ता शिक्षा सम्वन्धी सचेतना र बजार अनुगमनको कार्ययोजना तयार गरी उपभोक्ता हित संरक्षणको विषयलाई विशेष प्रथामिकतामा राख्ने ।

(घ) उपभोक्तालाई सचेत र जागरुक तुल्याउन वडा समितिको कार्यालय देखि नै उपभोक्ता सचेतना लगायतका कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ङ) आफ्नो गाउँपालिका अर्न्तगत स्थापित वा सञ्चालित उद्योग व्यवसायको दर्ता, नवीकरण, विल विजक तथा विक्रीको लागि राखिएका मालवस्तु, नापतौल, गुणस्तर, लेवल, आपूर्ति, आदिको अनुगमन गर्ने ।

(च) तरकारी, फलफूल, माछा, मासु, मिठाई पसल, डेरी, होटल लगायतका खाद्य वस्तुको विक्रीस्थलको मापदण्ड तोक्ने र छुट्टै फलफूल तथा तरकारी बजार र पशु बधशालाको व्यवस्था गर्ने ।

**८. बजार अनुगमन टोली गठन :**

(१) वस्तु वा सेवा प्रदायक व्यवसायको दर्ता, नवीकरण, आपूर्ति, मूल्य, नापतौल, विज्ञापन लगायत व्यापारिक क्रियाकलापको नियमित एवम् आकस्मिक अनुगमनको लागि गाउँपालिकाले बजार अनुगमन टोली गठन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम गठन हुने अनुगमन टोलीमा देहाय बमोजिमको पदाधिकारीहरु रहनेछन् ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक
(ख) सम्बन्धित विषयगत क्षेत्रको अधिकृत प्रतिनिधि - सदस्य
(ग) स्थानीय प्रशासनको अधिकृत प्रतिनिधि - सदस्य
(घ) स्थानीय सुरक्षा निकाय (नेपाल प्रहरी) को प्रतिनिधि - सदस्य
(ङ) उपभोक्ता हित संरक्षण क्रियाशील संस्था वा व्यक्तिहरु मध्ये बाट मनोनित १ जना - सदस्य
(च) उद्योग बाणिज्य संघ/व्यापार संघको प्रतिनिधि - सदस्य
(छ) पत्रकार महासंघको प्रतिनिधि - सदस्य
(ज) कार्यालयको उपभोक्ता हित संरक्षण हेर्ने तोकिएको शाखा प्रमुख - सदस्य सचिव

(३) बजार अनुगमन गर्न जाँदा सम्बन्धित वडाका अध्यक्ष वा प्रतिनिधिलाई अनिबार्य आमन्त्रण गर्नु पर्नेछ ।

(४) अनुगमन टोलीमा कम्तीमा ५ जना प्रतिनिधि संलग्न भइ बजार अनुगमन सम्बन्धी कार्य गरिनेछ । तर कुनै विषयगत क्षेत्रको अनुगमन गर्ने कार्यमा सम्बन्धित विषयगत क्षेत्रको विज्ञ/प्रतिनिधि अनिवार्य रुपमा समावेश गराउनु पर्नेछ । (विषयगत विज्ञ र प्रतिनिधि भन्नाले जस्तै खाद्य वा कृषि उपजको लागि खाद्य निरीक्षक वा उपलब्ध नभएमा कृषि प्राविधिक बुझिनेछ ।) साथै आवश्यकता अनुसार शाखागत अन्य कर्मचारीलाई आमन्त्रण गर्न सकिने छ ।

(५) उपभोक्ता हित संरक्षण हेर्ने शाखाले मासिक रुपमा तोकिएको ढाँचामा बजार अनुगमनको एकिकृत प्रतिवेदन कार्यालयमा पेश गर्नु पर्नेछ ।

**९. बजार अनुगमन टोलीको काम कर्तव्य र अधिकार :**

नियम ८ (१) बमोजिम गठित बजार अनुगमन टोलीले प्रचलित कानून बमोजिम देहाय अनुसारका कार्यहरु गर्नु पर्नेछ :

(क) बजार अनुगमनको पूर्व कार्ययोजना र मासिक अनुगमन कार्य तालिका बनाई स्वीकृतीको लागि समितिमा पेश गर्ने ।

(ख) स्वीकृत कार्य योजना बमोजिम नियमित रुपमा बजार अनुगमन गर्ने र आवश्यकता बमोजिम आकस्मिक वा विशेष अनुगमन गर्ने ।

(ग) वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य, मूल्य सूची, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापहरुको अनुगमन गर्ने ।

(घ) कालो बजारी, एकाधिकार, मिलेमतोपूर्ण भाउ निर्धारण, कृत्रिम अभाव तथा बजार प्रवेशमा अवरोध गर्ने जस्ता गैर प्रतिस्पर्धी व्यापारिक क्रियाकलाप भए/नभएको अनुगमन गर्ने ।

(ङ) कुनै वस्तुको अनुचित व्यापारिक क्रियाकलाप मिसावट/कम तौल भएको देखिएमा/भेटिएमा आवश्यकता अनुसार त्यस्ता वस्तु जफत गर्ने, नष्ट गर्ने, कारोबार रोक्का गर्ने वा बन्द गर्ने लगायतका कार्य गर्ने ।

(च) उपभोक्ता हित संरक्षण समितिबाट समय समयमा दिइएका निर्देशन एवम् आदेश बमोजिमका कामहरु गर्ने ।

(छ) अनुगमन टोलीले बजार अनुगमन पश्चात् प्रतिवेदन सोही दिन कार्यालयमा पेश गर्नु पर्दछ ।

**१०. बजार अनुगमन कार्यविधि :**

(१) बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा निम्न विषयमा ध्यान दिनु पर्नेछ,

(क) बिक्रेता वा सेवा प्रदायकले नियमन निकायबाट कानून बमोजिम प्रदान गरिने गरेको व्यवसाय दर्ता प्रमाण-पत्र, स्थायी लेखा नम्बरको प्रमाण-पत्र, खाद्य अनुज्ञा-पत्र, औषधि पसल दर्ता प्रमाण-पत्र लगायतका आवश्यक कागजातहरु लिएको छ/छैन हेर्ने । साथै प्रमाण-पत्र नियमित रुपमा नवीकरण भए नभएको हेर्ने । प्रमाण-पत्र नलिएको वा नवीकरण गरेको नदेखिएमा बढीमा ७ दिन भित्र सो कार्य गरी कार्यालयमा पेश गर्न लिखित निर्देशन दिने ।

(ख) बिक्रेता वा सेवा प्रदायकले आफ्नो व्यवसायको साइनबोर्ड राखेको छ/छैन हेर्ने । नराखेको भए तीन दिनभित्र राखी कार्यालयमा जानकारी दिन लिखित निर्देशन दिने ।

(ग) प्रदायकले वस्तुको बिक्री कक्षमा मूल्यसूची राखेको छ/छैन हेर्ने । नराखेको भए तीन दिनभित्र राखी कार्यालयमा जानकारी दिन लिखित निर्देशन दिने ।

(घ) माल, वस्तुको परिमाण, मूल्य, गुणस्तर र तौल ठिक छ/छैन हेर्ने ।

(ङ) प्याकेजिङ्ग गरिएको वस्तुको लेबलमा उत्पादक वा पैठारी कर्ताको नाम, उत्पादन मिति, उपभोग्य अवधि वा मिति, अधिकतम खुद्रा मूल्य, मिश्रण, भण्डारण र उपभोग गर्ने तरिका उल्लेख गरिएको छ/छैन हेर्ने ।

(च) औषधि वा औषधियुक्त पदार्थ भए सो को प्याकेजिङ्ग, प्रयोग गर्ने तरिका उल्लेख छ/छैन हेर्ने । औषधि विज्ञ (फार्मासिष्ट), औषधि बिक्री स्थलमा भए/नभएको एवम् औषधि बिक्रेता प्रमाण-पत्र समेत हेर्ने ।

(छ) उपभोग्य मिति नाघेको औषधि, प्रशोधित पानी, विस्कुट, पाउरोटी लगायतका खाद्य तथा उपभोग्य वस्तुहरु फेला परेमा नष्ट गर्ने ।

(ज) उत्पादन मिति, उपभोग्य मिति केरमेट गरेको वा पुन लेवलिङ्ग वा छपाई गरेको छ/छैन हेर्ने । पुनः लेवलिङ्ग वा छपाई गरेको पाईएमा त्यस्तो वस्तु जफत गर्ने, वस्तुको प्रकृति अनुसार मुचुल्का गरी नष्ट गर्ने ।

(झ) माछामासु, फलफूल, तरकारी, मिठाई पसल, डेरी, होटल, बधशाला वा माछामासु बिक्री स्थल सफा सुग्घर र मापदण्ड अनुसार छ/छैन हेर्ने । नभएमा कसुरको प्रकृति अनुसार सजग गराउने वा चेतावनी दिने तथा अटेरी गरेमा तोकिए बमोजिम दण्ड जरीवाना गर्ने ।

(ञ) बिक्रेता वा क्रेताले वस्तु विक्रीको विल विजक जारी राखेको छ/छैन हेर्ने । विलिङ्ग अनिबार्य गर्न निर्देशन दिने ।

(२) गाउँपालिकाले अनुसूची-२ मा उल्लिखित वस्तु र सेवाको अनुगमन गर्न उपभोक्ता हित संरक्षण हेर्ने शाखा वा सो कार्य गर्न तोकिएको शाखालाई

लिखित कार्य विवरण तोक्नु पर्नेछ । सोही कार्य विवरणका आधारमा बजार अनुगमन टोलीले बजार अनुगमन सम्बन्धी कार्य गर्नु पर्नेछ ।

## परिच्छेद-४
## उजुरी सम्बन्धी व्यवस्था

**११. उजुरी दिन सक्ने :**

(क) कुनै वस्तु वा सेवाको बिक्रेता वा प्रदायकले उपभोक्ता हित विपरित व्यापारिक क्रियाकलाप गरेको भनी कुनै पनि व्यक्ति/निकायले उपभोक्ता हित संरक्षण समिति वा बजार अनुगमन टोली वा कार्यालयको उपभोक्ता हित संरक्षण हेर्ने शाखामा लिखित वा मौखिक सूचना वा उजुरी दिन सक्नेछ ।

(ख) उपनियम (क) बमोजिमको व्यक्ति/निकायले गरेको उजुरी वा सार्वजनिक सञ्चार माध्यमबाठ प्राप्त सूचनालाई उजुरीको रुपमा ग्रहण गरिनेछ ।

(ग) उपनियम (क) वा (ख) बमोजिम उजुरी वा अन्य कुनै सरकारी निकायबाट अनुगमनको लागि लेखि आएमा त्यसलाई समेत उजुरीको रुपमा ग्रहण गरी बजार अनुगमन टोलीले अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ ।

(घ) उपनियम (ग) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा बिक्रेता वा सेवा प्रदायकले प्रचलित कानून वा मापदण्ड विपरित व्यापारिक क्रियाकलाप गरेको पाइएमा तत्काल कारवाही चलाउनु पर्नेछ ।

(ङ) उपनियम (घ) बमोजिम अनुगमन टोलीले गरेको काम कारवाहीमा चित्त नबुझेमा बिक्रेताले प्रचलित कानून बमोजिम गाउँपालिकाको उपाध्यक्ष समक्ष लिखित रुपमा उजुरी दिन सक्नेछ ।

## परिच्छेद-५
## अनुगमन सम्बन्धी प्रकृया

**१२. अनुगमनको पूर्व तयारी :**

अनुगमन टोलीले अनुगमन गर्नु पूर्व देहायको तयारी गर्नु पर्नेछ ।

(क) निरीक्षण वा अनुगमनमा जानु पूर्व अत्यावश्यक वस्तु तथा सेवा मध्ये कुन कुन विषयलाई पहिलो प्राथमिकतामा राख्ने भन्ने किटान गरी विषय सूची तयार गर्नु पर्दछ ।

(ख) अनुगमनमा जाँदा अनुगमन गरिने वस्तु तथा सेवासँग सम्बन्धित ऐन, नियमहरु, विवरण र चेक लिष्ट साथै लिई जानु पर्नेछ ।

(ग) वस्तु तथा सेवाको आपूर्ति, बिक्री वितरण, मूल्य, गुणस्तर आदिको बारेमा प्रयाप्त सूचना र जानकारी हासिल गर्नु पर्नेछ ।

(घ) अनुगमन वा निरीक्षण गर्न जानु अगावै आवश्यक चेकलिस्ट तथा तालिका बनाई आवश्यक पर्ने साधन, सुरक्षा आदिको पूर्व तयारी गर्नु पर्नेछ ।

**१३. बजार अनुगमन गर्ने प्रक्रिया :**

(क) बजार अनुगमन गर्दा अनुगमनमा खटिई जाने व्यक्तिले आफ्नो परिचय-पत्र देखाई बजार अनुगमन गर्नु पर्नेछ । अनुगमन टोलीका संयोजकले अनुगमनको आवश्यकताबारे जानकारी गराउनु पर्नेछ र सम्बन्धित व्यवसायीले बिना कुनै अवरोध अनुगमन गर्न दिनु पर्नेछ ।

(ख) उपनियम (क) बमोजिम बजार अनुगमन गर्दा सम्बन्धित व्यवसायीले बाधा विरोध गरेमा बाधा विरोध गर्नेलाई प्रचलित कानून बमोजिम कारवाहीको लागि सम्बन्धित निकायमा अनुरोध गर्न वा लेखी पठाउन सक्नेछ ।

(ग) अनुगमन टोलीले बजार अनुगमन गर्दा वस्तु/सेवाको नमूना संकलन गर्नु पर्ने देखिएमा प्रचलित कानून बमोजिम नमूना संकलन गरी सो को यथार्थ विवरण खुलाई सम्भव भए सम्म सम्बन्धित व्यवसायीको समेत दस्तखत भएको अनुसूची-४ बमोजिमको स्थलगत मुचुल्का बनाउनु पर्नेछ । यसको लागि उपस्थित व्यक्तिहरुको रोहबरमा मुचुल्का तयार गरी आवश्यकता अनुसार शिलबन्दी समेत गरी परीक्षणको लागि यथाशिघ्र सम्बन्धित निकायमा नमूना सहित लेखि पठाउनु पर्नेछ ।

(घ) अनुगमन टोलीले बजार अनुगमन गर्दा तत्काल केही सुधार गर्नु पर्ने देखेमा सम्बन्धित व्यवसायीलाई अवधि तोकी स्थलगत लिखित निर्देशन दिई सुधार गर्न लागउन सक्नेछ ।

(ङ) बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा कुनै वस्तु तत्काल नष्ट नगरे जनस्वास्थ्यमा असर पर्ने देखिएमा त्यस्ता वस्तुको नमूना संकलन गरी प्रमाणको रुपमा सुरक्षित राखी बाँकी वस्तु प्रचलित कानून बोजिम आवश्यक प्रक्रिया पुऱ्याई सम्बन्धित व्यवसायी र उपस्थित व्यक्तिहरुको रोहवरमा मुचुल्का गरी वातावरणमा असर नपर्ने गरी त्यस्तो वस्तु नष्ट गर्नु पर्नेछ । संकलित नमूना आवश्यकता अनुसार परीक्षणका लागि प्रयोगशालामा पठाउन सकिनेछ ।

**१४. दण्ड जरीवाना :**

(क) बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा सेवा वा वस्तु राखेको स्थानको नियम अनुसार जाँच बुझ वा खानतलासी गर्न सक्नेछ । खानतलासीबाट वस्तु वा सेवाको बिक्री वितरणमा अनुचित वा अनियमित कार्य गरेको पाइएमा आवश्यकता अनुसार त्यस्तो सेवा वा वस्तुको प्रयोग वा विक्री वितरणमा रोक लगाउन सक्नेछ तथा त्यस्ता वस्तु अनुगमन टोलीले कब्जामा लिई नियम अनुसार कारवाही बढाउने छ ।

(ख) अनुगमन गर्दा कुनै कानूनी कारवाही गर्नु पर्ने देखिएमा अनुगमन टोलीले सम्बन्धित व्यवसायीसँग तुरुन्त लिखित स्पष्टिकरण माग गर्न सक्नेछ ।

(ग) अनुगमन टोलीको प्रतिवेदन वा नमूना परीक्षणबाट मुद्दा दायर गर्नु पर्ने देखिएमा प्रचलित कानून बमोजिम अनुसन्धान तहकिकातको लागि निरीक्षण

अधिकृत तोक्ने गरी मुद्दा दायर गर्ने समितिबाट निर्णय गराई यथाशिघ्र अभियोजन अधिकारी/अधिकार प्राप्त अधिकारी समक्ष आवश्यक कागजात सहित लेखि पठाउनु पर्नेछ।

(घ) उपनियम (ग) बमोजिम लेखि आएमा सम्वन्धित अधिकारीले प्रचलित कानून बमोजिम प्रक्रिया पूरा गरी सम्वन्धित निकायमा मुद्दा दायर गर्नु पर्नेछ।

(ङ) उपनियम (क) बमोजिम अनुगमन टोलीले अखाद्य वस्तु वा उपभोग गर्न अयोग्य अन्य वस्तु नष्ट गर्दा लागेको खर्च सम्वन्धित व्यवसायीले नै व्यहोर्नु पर्नेछ।

(च) अनुगमन गरिएका मालवस्तुको प्रकृति अनुसार मुचुल्का उठाउनु पर्नेमा मुचुल्का उठाउने, चेकलिष्ट अनुसार भए नभएको हेर्ने र नमूना परीक्षण लिनु पर्ने भएमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वा गाउँ सभाबाट स्वीकृत कानूनमा व्यवस्था भएको सोही बमोजिम अन्यथा खाद्य नियमावली, २०२७ को नियम १० वा उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम २७ अनुरुप वा नेपाल गुणस्तर ऐन, २०३७ वा प्रचलित कानून बमोजिम नमूना संकलन गर्नु पर्नेछ।

(छ) निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा उपभोग्य वस्तु रोक्का राख्नु पर्ने भएमा स्थानीय सरकार सञ्चालन ऐन र गाउँ कार्यपालिकाबाट स्वीकृत कानूनमा व्यवस्था भएकोमा सोही बमोजिम अन्यथा खाद्य नियमावली २०२७ को नियम १३ वा उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम २५, वा नेपाल गुणस्तर ऐन २०३७ र स्ट्याण्डर्ड नापतौल ऐन २०२५ का प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

(ज) मालसामान सिलवन्दी गर्नु पर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वा गाउँ कार्यपालिकाबाट स्वीकृत कानूनमा व्यवस्था भएकोमा सोही बमोजिम अन्यथा वस्तु वा खाद्य नियमावली, २०२७ को नियम १३ वा उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम २८ र २९ वा नेपाल गुणस्तर ऐन, २०३७ वा स्ट्याण्डर्ड नापतौल ऐन, २०२५ वा प्रचलित कानून अनुसार गर्नु पर्नेछ।

(झ) खाद्य प्रशोधन गर्न आवश्यक पर्ने कुनै उपकरण जडान भै कुनै वस्तु वा पदार्थको उत्पादन गरिएकोमा अनुगमन गर्ने निकायले उत्पादन प्रशोधन कानून सम्मत भए नभएको हेरी नभएको भए त्यस्तो स्थानमा सिलवन्दी गर्न सक्नेछ । यसरी सिलवन्दी गरिएकोमा प्रशोधन उद्योगलाई निश्चित समयावधी दिई आवश्यक मापदण्ड पूरा गरी सुधार गर्न निर्देशन दिन सक्नेछ।

(ञ) उपनियम (झ) बमोजिम निर्देशन दिएकोमा उद्योगले सुधारात्मक कार्यहरु गरी सिलवन्दी हटाई पाँउ भनी कार्यालयमा निवेदन दिएमा कार्यालयको अनुगमन टोलीबाट बजार अनुगमन गराई सुधार भएको पाइएमा सिलवन्दी

हटाई दिन सक्नेछ । सुधार भएको नपाइएमा कानून बमोजिम कारवाही अगाडी बढाउनेछ ।

(ट) वस्तु वा सेवा क्षेत्रमा अनुचित व्यापारिक क्रियाकलाप (Unfair trade Practices), कानूनद्वारा नियन्त्रित वा निषेधित व्यापारिक क्रियाकलाप (Restricive Trade Practices) र एकाधिकारपूर्ण व्यापारिक क्रियाकलाप (Monopolistic Trade Practices) भए/ नभएको विषयमा समेत अनुगमनका क्रममा हेर्नु पर्नेछ ।

(ठ) अनुसन्धानका लागि बोलाइएका वस्तु विक्रेता वा सेवा प्रदायक व्यक्ति वा संस्थालाई कार्यालयमा आएको अवस्थामा अनुसूची-५ बमोजिमको तारेख भर्पाई दिनु पर्नेछ ।

## परिच्छेद-६
## आचार संहिता

**१५. आचार संहिता :** बजार अनुगमन गर्न जाने अनुगमन टोलीले निम्न बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछ :

(क) अनुगमन टोलीले अनुगमन गर्ने स्थल र अनुगमन गरिने वस्तुको बारेमा सो कार्यमा संलग्न सदस्यहरु बाहेक अरु कसैलाई पनि सो बारेमा पूर्व सूचना वा जानकारी गराउनु हुँदैन ।

(ख) अनुगमनमा खटिने व्यक्तिले आफ्नो नातागोता वा इष्टमित्र कहाँ अनुगमन गर्न जानु हुँदैन,

(ग) अनुगमन कार्यमा संलग्न कुनै पनि सदस्यले अनुगमन गरिने विक्रेता व्यवसायीबाट कुनै पनि किसीमको चन्दा दान दातव्य वा उपहार स्वीकार गर्नु हुँदैन ।

(घ) अनुगमन गर्न जाँदा प्रदायकहरुले दिएको सुविधा तथा आतिथ्यता स्वीकार गर्नु हुँदैन ।

(ङ) कुनै किसीमको प्रलोभन वा मोलाहिजामा पर्नु हुँदैन ।

(च) अनुगमनको कारवाही सम्बन्धी सूचना प्रवाह गर्दा अनुगमन टोलीको नेतृत्व गर्ने व्यक्तिबाट मात्र प्रबाह गर्नु पर्नेछ तथा अनुगमन टोलीमा रहने अन्य सदस्यले जानकारी दिनु हुँदैन ।

(छ) बजार अनुगमन गर्दा अनुगमन टोलीका पदाधिकारीहरु सेवा प्रदायक समक्ष मर्यादित तरिकाले प्रस्तुत हुनु पर्ने र व्यवसायीको भण्डारण स्थल वा पसलबाट जथाभावी तरिकाले माल वस्तु निकाल्नु हुँदैन ।

(ज) अनुगमन टोलीका कुनै सदस्यले अनुगमन सम्बन्धी कार्य गर्दा गोप्यता भङ्गगर्ने लगायत अन्य कुनै गैरकानूनी काम गरेमा कर्मचारी भए प्रचलित कानून बमोजिम विभागीय कारवाही गर्ने र अन्य व्यक्ति भए टोलीबाट हटाई प्रचलित कानून बमोजिम कारवाही गर्न सकिनेछ ।

(झ) मानव अधिकारवादी संघ संस्था, उपभोक्ता हकहित संरक्षण कार्यमा संलग्न संस्थाहरु, विभिन्न सञ्चार माध्यममा कार्यरत सञ्चारकर्मी प्रतिनिधिहरुले अनुगमन कार्यलाई सहयोग पुग्ने गरी अनुगमन प्रक्रियाको स्थलगत अवलोकन गर्न सक्नेछन् । तर सामान जफत गर्ने, धुल्याउने वा नष्ट गर्ने वा सिलवन्दी गर्ने कार्यमा सम्बन्धित आधिकारीक कर्मचारी वा प्रहरीद्वारा नै कार्य सम्पन्न गर्नु पर्नेछ ।

## परिच्छेद-७
## विविध

**१६. बजार अनुगमन कार्यको लागि कार्यक्रम तथा बजेटको व्यवस्था :**

(क) गाउँपालिकाले आफ्नो स्रोत साधन र जनशक्ति प्रयोग हुने गरी बजार अनुगमनका लागि आवश्यक कार्यक्रम र बजेट प्राथमिकता साथ वार्षिक कार्यक्रममा समावेश गर्नु पर्नेछ ।

(ख) संघीय तथा प्रदेश सरकारबाट बजार अनुगमनका लागि बजेट प्राप्त भएमा सोही अनुसार कार्यक्रममा समावेश गर्नु पर्नेछ ।

(ग) बार्षिक कार्यक्रममा उपभोक्ता सचेतनाको कार्यक्रम समेत समावेश गर्नु पर्नेछ ।

(घ) बजार अनुगमनको क्रममा नमूना संकलन गर्दा प्रदायकलाई वस्तुको मूल्य भुक्तानी गरी विल लिनु पर्नेछ ।

(ङ) बजार अनुगमनमा खटिएका टोलीहरुलाई खाजा र भत्ता उपलब्ध गराउन सकिने छ ।

**१७. स्थानीय प्रशासनको कर्तव्य :** बजार अनुगमन गर्दा अनुगमन टोलीले सुरक्षा लगायतका आवश्यक सहयोग माग गरेमा तत्काल त्यस्तो सुरक्षा तथा सहयोग उपलब्ध गराउनु स्थानीय प्रशासनको कर्तव्य हुनेछ ।

**१८. असल नियतले गरेको काम बचाउ :** यस निर्देशिका बमोजिम बजार अनुगमन गर्दा असल नियतले गरेको काम सम्बन्धमा टोलीका संयोजक वा सदस्यहरु उपर कुनै कारवाही हुने छैन ।

**१९. प्रचलित कानून बमोजिम हुने :** यस निर्देशिकामा भएको व्यवस्थाले प्रचलित कानून बमोजिम हुने अन्य अनुगमन कार्यलाई बाधा पुऱ्याएको मानिने छैन ।

**२०. दण्ड सजाय :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वा गाउँसभाबाट स्वीकृत कानूनमा व्यवस्था भएकोमा सोही बमोजिम अन्यथा प्रचलित कानून (उपभोक्ता संरक्षण हित ऐन तथा नियम, खाद्य ऐन तथा नियम, औषधि बिक्री वितरण सम्बन्धी ऐन तथा नियम, कालोबजारी तथा अन्य केही सामाजिक अपराध तथा सजाय ऐन, मासु जाँच ऐन) लगायतका

प्रचलित कानूनको अधिनमा रही बजार अनुगमनबाट दोषी पाइएका ब्यबसायी उपर कानूनी कारवाही र दण्ड सजाय गर्नु पर्नेछ ।

**२१. प्रतिवेदन :** बजार अनुगमनको मासिक अनुगमन प्रगती विवरण अनुसूची-३ अनुसार तयार गर्नु पर्नेछ ।

**२२. बाधा अड्काउ फुकाउने अधिकार :** यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा उपभोक्ता हित संरक्षण तथा मूल्याङ्कन समितिको बैठकबाट निर्णयका लागि बाधा अड्काउ फुकाउ गर्न गाउँपालिकामा प्रस्ताव पेश गरी गाउँ कार्यपालिकाबाट निर्णय भए बमोजिम हुनेछ ।

**२३. संशोधन :** यस निर्देशिकामा थप घट लगायत आवश्यक संसोधन गर्ने अधिकार प्रचलित कानूनको अधिनमा रही गाउँ कार्यपालिकाको हुनेछ ।

## अनुसूची-१
(नियम ८ को उपनियम ४ सँग सम्बन्धित)

श्री सम्मरीमाई गाउँ कार्यपालिकाको कार्यालय
फरेना, रुपन्देही

**विषय : बजार अनुगमनको मासिक प्रतिवेदन**

मिति..................देखि.......................सम्म निम्न स्थानहरुमा बजार अनुगमन गर्दा निम्नानुसार देखिएको व्यहोरा अनुरोध छ ।

| सि. नं. | अनुगमन गरिएको स्थान | अनुगमन गरिएको क्षेत्र/प्रकृति/वस्तुहरु | अनुगमनको विवरण (परिणाम, अवस्था र अन्य कुरा) व्यवसायीक प्रतिष्ठान संस्था | सामानको जफत/बरामदी नाम/परिमाण | नष्ट गरिएको वस्तु/परिमाण नाम परिमाण | सिलवन्दी गरिएको मात्रा/संख्या | सिलवन्दी गरिएको नमूना संकलन मात्रा/संख्या | कै |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

(नोट : आवश्यक परेमा थप कागज नत्थी गर्न सकिने छ ।)

....................................................

**बोधार्थ :**
श्री संयोजक ज्यू,
उपभोक्ता हित संरक्षण समिति, सम्मरीमाई गा.पा., फरेना, रुपन्देही

## अनुसूची-२
### (नियम ९ सँग सम्बन्धित)
### अनुगमन गरिने वस्तु र सेवाको वर्गीकरण

(अ) बजार अनुगमनको क्रममा विभिन्न उपभोग्य वस्तु तथा सेवाको अनुगमन गर्नुपर्ने भएकाले उपभोग्य वस्तु तथा सेवाको निम्नानुसार वर्गीकरण गरिएको छ।

**समूह क - खाद्यान्न/माछा/मासुजन्य/तरकारी फलफूल/दैनिक उपभोग्य**

१. खाद्यान्न तथा खाद्य पदार्थहरु नुन, चिनी, चिया, कफी, मह, प्रशोधित पानी आदि।
२. अप्रशोधित, अर्धप्रशोधित वा प्रशोधित खाद्य पदार्थहरु।
३. प्रशोधित खाद्य पदार्थ उत्पादन गर्न प्रयोग गरिने कच्चा पदार्थ।
४. खाद्य पदार्थ उत्पादन गर्ने उद्योग।
५ खाद्य पदार्थ बिक्री वितरण गर्ने बिक्रीस्थल र भण्डारणगृह वा सम्बन्ध स्थल।
६ खाने तेल, घिउ (वनस्पती घिउ समेत)
७. दूध तथा दुग्ध पदार्थहरु र दुध प्याकिङ्ग गर्ने प्लाष्टिक पाउचहरु।
८. माछा, मासु, अण्डा
९. मसलाजन्य पदार्थहरु (जिरा, मरिच, अदुवा, लसुन, धनीया, बेसार, ज्वानो, मेथी, ल्वाङ, जुकमेल, अलैंची, दालचिनी र खुर्सानी लगायतका मसलाको रुपमा प्रयोग गरिने पदार्थहरु)

**समूह ख-औषधि तथा स्वास्थ्य सेवा :**

१. औषधि तथा औषधिजन्य पदार्थहरु (पशुपंक्षी औषधि तथा जडीबुटीमा आधारित औषधि समेत),
२. औषधि उत्पादन तथा बिक्री वितरण गरिने स्थल,
३. अस्पताल, नर्सिङहोम, क्लिनीक आदि स्वास्थ्य सेवा प्रदायक संस्थाहरु।

**समूह ग-रासायनीक मल/बीउबिजन/विषादी/कृषि औजार :**

१. पशुपंक्षी आहार र त्यसमा प्रयोग हुने कच्चा पदार्थहरु समेत,
२. रासायनीक मल/बीउबिजन/विषादि/कृषि औजार।

**समूह घ-इन्धन**

१.इन्धन भण्डारण, पेट्रोलियम पदार्थको नापतौल, गुणस्तर, मूल्य तथा मापदण्डहरुको परिपालना।

**समूह ङ-निर्माण सामाग्री :**

१. ढुङ्गा, ईँटा, गिट्टी, बालुवा, सिमेन्ट, छड लगायतका निर्माण सामाग्री तथा सो सँग सम्बन्धित उद्योग, भण्डारण स्थल र बिक्री वितरण स्थल।

**समूह च- शैक्षिक सामाग्री :**

१. पाठ्य सामाग्री, स्टेशनरी लगायतका शैक्षिक सामाग्री,
२. नगर शिक्षासंग सम्बन्धित कानूनमा उल्लेख भए अनुसार विद्यालयहरुको शुल्क आदि।

**समूह छ - होटेल/लज/रेष्टुरा/खाजा घर/चमेना गृह**

१. होटेल/लज/रेष्टुरा/खाजा घर/चमेना गृहको सरसफाइ र अन्य व्यवस्था

२. प्रशोधित र अप्रशोधित वस्तुहरुको भण्डारण
३. होटल, रेष्टुरा तथा मिठाई पसलहरुमा बिक्री हुने पकवान तथा प्याकेजिङ्ग गरी बिक्री हुने खाद्य पदार्थहरु, हल्का पेय पदार्थहरु, मदिरा जन्य पदार्थ,

**समूह ज-सुर्तीजन्य पदार्थ :**
१. सुपारी, पानपराग, सुर्ती, विडी, चुरोट तथा सुर्तीजन्य पदार्थ ।

**समूह झ - नाप तौल**
१.ढक, तराजु, मिटर लगायतका नापतौलमा प्रयोग हुने उपकरणहरु ।

**समूह ञ - पशुपंक्षी हाट बजार**
१. पशुपंक्षी हाट बजार तथा बिक्रीस्थल ।

**समूह ट - सौन्दर्य सम्बन्धी :**
१. विभिन्न प्रकारको सौन्दर्य सामग्रीहरु
२. ब्युटी पार्लर/सैलुन आदि ।

**समूह ठ - विद्युतीय सामानहरु :**
१. विद्युतीय सामानहरु
२. इलेक्ट्रोनिक्स सामानहरु ।

**समूह ड - रङ्ग/रोगन**
१. विभिन्न कम्पनीका रङ्ग र रङ्ग रोगन सम्वन्धी सामाग्रीहरु ।

**समूह ढ - गरगहना**
२. सुन, चादी, हिरा, मोती, जवाहरत तथा निर्मित गरगहनाहरुको नापतौल एवम् गुणस्तर ।

**समूह ण - सवारी साधन**
१. ट्याक्सी मिटर शुल्क र रिक्सा, नगरबस आदिको भाडा ।

**समूह त - अनुगमन गरिने सेवाको विवरण :**
१.व्यापारिक सेवा
२. सञ्चार सेवा
३. स्थल यातायात तथा हवाई सेवा
४. विद्युत सेवा
५. खानेपानी सेवा
६. विज्ञापन सेवा
७. स्वास्थ्य सेवा
८. शिक्षा सेवा
९. वित्तिय सेवाहरु
१०. अन्य उपभोग्य सेवाहरु

अनुसूची-३
(नियम १० सँग सम्बन्धित)
दैनिक बजार अनुगमन फारम

(बजार अनुगमन फारमको प्रमाणित प्रति सम्बन्धित व्यवसायीलाई दिनु पर्नेछ ।)

व्यापारिक प्रतिष्ठानको नाम : श्री मिति ......................

ठेगाना :
प्रोपाइटर वा फर्म धनीको नाम :
फोन नं. :

यस कार्यालयको नेतृत्वमा खटिएको बजार अनुगमन टोलीबाट तपाईको बिक्रीस्थल/गोदाम/उद्योगको निरीक्षण गर्दा निम्न अनुरुपको स्थिति भेटिएकोले देहायअनुसार गर्न गराउन निर्देशन गरिएको छ ।

| क्र.सं. | विवरण | भएको | नभएको | टोलीबाट दिएको निर्देशन |
|---|---|---|---|---|
| १ | मूल्यसूची | | | |
| २ | साइनबोर्ड | | | |
| ३ | व्यवसाय दर्ता/नवीकरण | | | |
| ४ | नापतौलको प्रमाण | | | |
| ५ | लेबलमा खुलाउनु पर्ने कुराहरु स्पष्ट उल्लेख भए नभएको | | | |
| ६ | म्याद नाघेको सामाग्री | | | |
| ७ | स्थायी लेखा प्यान नं./भ्याटमा दर्ता | | | |
| ८ | बिक्री बिल दिने प्रक्रिया भए/नभएको | | | |
| ९ | खाद्य अनुज्ञा पत्र (खाद्य उद्योगको लागि) | | | |
| १० | मासुको गुणस्तर सन्तोषजनक भए नभएको | | | |
| ११ | मिठाईको गुणस्तर लगायतका पक्षहरु सन्तोषजनक | | | |
| १२ | ग्याँसको तौल मूल्य लगायतका विषय सन्तोषजनक | | | |
| १३ | खरिद बिल भए/नभएको | | | |
| १४ | यस अगाडीको निर्देशनको पालना | | | |
| १५ | अन्य कैफियतपूर्ण स्थिति खुलाउने | | | |

एक पटक दिइएका निर्देशनहरु पुन: अनुगमन गर्दा पालना नभएको पाइएमा प्रचलित कानून बमोजिम कडा कारवाही हुनेछ ।

**निरीक्षण टोली :**
१. संयोजक श्री ..............................
२. सदस्य श्री ..............................
३. सदस्य श्री ..............................
४. सदस्य श्री ..............................
५. सदस्य श्री ..............................

......................

माथी उल्लेखित विवरण ठिक छ भनी उत्पादक/बिक्रेताको नाम र दस्तखत -

प्रष्ठानको छाप -

अनुसूची-४

(नियम १४ सँग सम्बन्धित)

## मुचुल्का

..................जिल्ला ..............................गाउँपालिका..............................वडा नं...............................टोल ..............................मा खडा गरेको घटनास्थल/खानतलासी/बरामदी/शिलछाप लगाएको मुचुल्का :

१ उजुरी वा सूचनाको छोटकरी विवरण :

२ चारकिल्ला सहित खानतलासी/बरामदी गरिएको चिज वस्तुको नमूना तथा ठाउँको विवरण :-

३ बरामद भएको सामान/दर्शीको विवरण/सिलछाप गरिएको विवरण :-

क.

ख.

ग.

४ खानतलासी/बरामदी भएको देखे बमोजिम सहि छाप गर्ने साक्षी : (नाम, वतन समेत)

क.

ख.

ग.

५ सोहीबखत उपस्थित हस्तेहरुको नाम, थर, वतन र सहिछाप :

क.

ख.

ग.

६ निरीक्षण टोलीले मेरो उद्योग/गोदाम/पसलमा अनुगमन गर्दा कुनै सामान हिनामिना भएको छैन। माथि प्रकरण ३ मा उल्लेख भएको चिज वस्तु तथा सामानहरु.................. उद्योग/गोदाम/पसलबाट बरामद भएको हो। साथै टोलीले लगाएको शिल थान.......छाप भएको ठिक साँचो हो भनी सहिछाप गर्ने :

क.

ख.

ग.

७ कार्य तामेली गर्ने :

क.

ख.

ग.

## अनुसूची-५
### (नियम १४ सँग सम्बन्धित)
### तारेख भरपाई

पक्ष ..............................................

विपक्ष जिल्ला.............................. गाउँपालिका............................. वडा नं.................... स्थायी
पर भई हाल.............................. जिल्ला.............................. गाउँपालिका वाड नं.........
बस्ने श्री .............................................का नाती नातिनी श्री...............................................
का छोरा छोरी वर्ष.................. को .................................................................नामक व्यवसायका
संचालक श्री.............................. सम्पर्क नं...................................... ।

### तारेख

मिति........ साल.................. महिना................. गते.............................रोज दिनको
समय.............बजे उपस्थित हुनेछु भनी सही छाप गर्ने ।

हस्ताक्षर :